किस्पाङ गाउँपालिकाको गाउँसभाको अठारौं अधिवेशनमा का.वा. अध्यक्ष श्री अर्जुन प्रसाद न्यौपाने द्धारा प्रस्तुत आर्थिक वर्ष २०८३/८४ को

# बजेट बक्तव्य

**किस्पाङ गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**काहुले, नुवाकोट**

**बागमती प्रदेश, नेपाल**

**मितिः२०८३/०३/१० गते रोज ४ शुभम्**

**बजेट वक्तव्य**

किस्पाङ गाउँपालिकाको गाउँसभाको अठारौं अधिवेशन मितिः २०८३।०३।१० गते का दिन का.वा.अध्यक्ष श्री अर्जुन प्रसाद न्यौपानेले प्रस्तुत गर्नु भएको बजेट वक्तव्य ।

**आदरणीय सभाका अध्यक्षज्यू**

**सभाका सदस्यज्यूहरू,**

यस गरिमामय सभामा गाउँपालिकाको आर्थिक वर्ष २०८३।८४ को वार्षिक बजेट वक्तव्य पेश गर्न पाउँदा मैले आफूलाई गौरवान्वित महशुस गरेको छु। सर्वप्रथम नेपालमा लोकतन्त्र स्थापनाका लागि नेपाली जनताको भवना अनुसार संघियता, समावेशी, लोकतन्त्र प्राप्त गर्न संघर्ष र अन्दोलनको मोर्चामा होमिएर एउटा युग-परिर्वतनकारी भुमिका खेल्दै स्थानिय सरकारको उपाध्यक्षको भुमिकामा रहँदा देश परिर्वतनका लागि जिवन बलिदान गर्नुहुने शहिदहरु, घाइते अपाङ्ग बेपता नागरिकहरुले देखेका सपना र जनचाहनाहरु बजेट बक्तब्यमा प्रतिविम्वित गर्ने प्रयास गरेको छु। ऐतिहासिक जन-आन्दोलन र व्यवस्था परिवर्तनका क्रममा भएका विभिन्न प्रजातान्त्रिक लोकतान्त्रिक तथा गणतान्त्रिक आन्दोलन, जनयूद्ध, संयुक्त जनअन्दोलन, मधेश आन्दोलन, लगायतका विभिन्न आन्दोलनहरुको परिणामस्वरुप मुलुकमा गणतन्त्र, संघियता, धर्मनिरपेक्षता, समानुपातिक समावेशीता मौलिक हक अधिकारहरु लगायतका केहि महत्वपुर्ण जनअधिकार स्थापनाको लागी संघिय गणतन्त्रात्मक संविधान निर्माणको लागि आन्दोलनको क्रममा आफ्नो जिवन बलिदान गर्ने सम्पुर्ण ज्ञात अज्ञात सहिदहरु प्रति उच्च सम्मान गर्दै हार्दिक श्रद्धाञ्जली ब्यक्त गर्दछु । घाइते, अपाङ्ग तथा बेपता नागरिकहरु प्रती उच्च सम्मान र परिवारजनमा गहिरो सहानुभुति ब्यक्त गर्दछु ।

**आदरणीय सभाका अध्यक्षज्यू-**

**सभाका सदस्यज्यूहरू,**

स्थानीय सरकार स्थापना भइसकेपछी दोश्रो पटक स्थानीय तहको निर्वाचन भई गठन भएको स्थानीय सरकारको कार्यकाल पनि ४ आर्थिक वर्ष व्यतित भइसकेको अवस्था छ । यो अवधिमा किस्पाङ गाउँपालिका भित्र भौतिक पूर्वाधार विकासको अवस्था सवल नै भए पनि सामाजिक पूर्वाधारको क्षेत्रमा केहि खुट्किलाहरु तय भएको छ।गाउँमा बस्न नचाहने मानिसको वितृष्णा उजागर गरी कृषि तथा पशुपालन क्षेत्रमा जोड दिनको लागी कृषि तथा पशुपन्छी क्षेत्रमा बजेट लक्षित गरेको छू। सामाजिक न्याय, सामाजिक सूरक्षा, सामाजिक संरक्षण, सामाजिक चेतनाको विकास, श्रम संस्कारको विकास गर्दै लोक कल्याणकारी राज्य व्यवस्था स्थापना गर्नु आजको आवश्यकता रहेको छ । उद्यमशिलताको विकास मार्फत रोजगारी सृजना गर्दै किस्पाङ गाउँपालिकाको आन्तरिक आयमा वृद्धि गर्दै आत्म निर्भर किस्पाङ निर्माण गर्नु पनि अबको मुख्य अभिभारा रहेको छ । सु-संस्कृत समतामूलक समृद्ध, किस्पाङ निर्माण गर्ने हाम्रो संकल्प, गाउँपालिकावासिको समृद्धिको चाहना र हामीले निर्वाचनका क्रममा व्यक्त गरेका प्रतिज्ञाहरू साथै देखेका सपनाहरू क्रमबद्धरूपमा पुरा गर्ने दिशामा आगामी आ. व. को वार्षिक बजेटलाई लक्षित गरेको छु।शिक्षा नै समाज विकासको मेरुदण्ड हो ।यस क्षेत्रको विकासको लागि नविनतम सोच र

परिणाममुखि योजनाहरु बजेटमा समावेश गरेको छु। पर्यटन विकास, दिगो विकासको लक्ष्य अनुरूप गुणस्तरीय पूर्वाधार निर्माण सहीत स्थानीय स्रोतको पहिचान र परिचालन गरी समावेशी, समतामूलक, जलवायु उत्थानशील तथा दिगो स्थानीय आर्थिक विकास, श्रम संस्कृतिको विकास, उद्यमशिलता विकास, सामाजिक पूर्वाधारको विकास सबै प्रकारका भेदभावको अन्त्य सहीतको समतामुलक समाजको निर्माण मार्फत सु-संस्कृत समतामुलक र समृद्ध किस्पाङको दीर्घकालीन सोच अनुरूप लक्ष्य हासिल गर्न यो वार्षिक बजेट लक्षित रहेको जानकारी गराउन चाहन्छु ।

**आदरणीय सभाका अध्यक्षज्यू**

**सभाका सदस्यज्यूहरू,**

आज मितिः२०८३।०३।१० मा किस्पाङ गाउँपालिकाको गाउँसभाको यो अठारौं अधिवेशनमा गाउँपालिका उपाध्यक्षको हैसियतले आर्थिक वर्ष २०८३/८४ को बजेट वक्तव्य प्रस्तुत गर्न अनुमति चाहन्छु ।

**आदरणीय सभाका अध्यक्षज्यू-,**

**सभाका सदस्यज्यूहरु**

सर्वप्रथम म आर्थिक वर्ष २०८३/८४ को बजेट तर्जुमाका आधारहरु प्रस्तुत गर्न चाहन्छु ।

**आर्थिक वर्ष २०८३/८४ को बजेट तर्जुमाका आधारहरु**

- नेपालको संविधान, मौलिक हक, राज्यका निर्देशिक सिद्धान्त र नीतिहरु, संघ प्रदेश र स्थानीय तहको अन्तरसम्बन्धका आधारहरु
- स्थानीय सरकार संचालन ऐन २०७४
- सोह्रौ योजनाको लक्ष्य रणनीति र उद्देश्यहरु
- स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन
- दिगो विकासका लक्षहरु
- संघीय, प्रादेशिक तथा स्थानीय तहको प्रचलित कानून, नीति, योजना तथा कार्यक्रमहरु
- जनताको विकास र सेवा प्रवाहका अपेक्षाहरु
- स्थानीय आवश्यकता र राजश्वको क्षमता
- विभिन्न विद्वान वर्ग र सरोकारवालाको राय सल्लाह र सुझावहरु
- किस्पाङ गाउँपालिकाको आवधिक योजना
- किस्पाङ गाउँपालिकाको मध्यकालिन खर्च संरचना
- किस्पाङ गाउँपालिकाको राजश्व सुधार योजना
- अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४
- संघ र बागमती प्रदेश सरकारको बजेट नीति तथा मार्गदर्शन

**आदरणीय सभाका अध्यक्षज्यू-,**

**सभाका सदस्यज्यूहरु**

किस्पाङ गाउँपालिकाको अर्थतन्त्रका विद्यमान अवसर तथा चुनौतीहरु प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**अवसरहरु**

- सांस्कृतिक विविधता र विविधता भित्रको एकता र सहिस्णुता ।
- पर्यटकीय दृष्टिकोणले महत्वपुर्ण सम्भावना बोकेको भेडा फार्म क्षेत्र दुम्पाङ, गयर फुङफुङ झरना, फिकुरी महादेव, नौघडेरी, किस्पाङ पोखरी, चामछाप्पा, मनकामना मन्दिर, लुम्बुडाडाँ आदि जस्ता पर्यटकीय धार्मिक र सास्कृतिक स्थानहरु रहेको
- पूर्वाधार विकासको सबल अवस्था
- उच्च मूल्ययुक्त बालिहरु कफी, किवी, अलैची, ओखर, स्याउ, जडिबुटी, चिराइतो, सतुवा, लौठसल्ला, धसिङ्गारे र गाइभैसि, भेडाबाख्र जस्ता पशुपालन तथा रेम्बो ट्राउट माछा पालनको लागि प्रचुर सम्भावना ।
- पर्यटन विकासको प्रचुर सम्भावना
- गणेश, लाङटाङ लगायतका हिमश्रृंखलाहरुको मनमोहक दृष्य हेर्न सकिने ।
- मानव संसाधनको प्रचुर उपलब्धता ।

**विद्यमान चुनौती**

- दिगो र सर्वसुलभ भौतिक पूर्वाधार, श्रम संस्कृतिको विकास मार्फत समृद्ध किस्पाङ निर्माण गर्नु ।
- परम्परागत कृषि तथा पशुपन्छी व्यवसायलाई आधुनिकीकरण गरी व्यवसायिकरण गर्नु
- सामाजिक पूर्वाधारको विकास मार्फत सामाजिक चेतना अभिवृद्धी गर्नु ।
- सवै प्रकारका विभेद, शोषण र अन्यायको अन्त्य गरी सामाजिक न्यायमा आधारीत समता मुलक समाज निर्माण गर्नु ।
- सामुदायिक विद्यालयको शैक्षिक गुणस्तरमा सुधार गर्नु ।
- गाउँपालिकाको कच्ची सडकहरुलाई क्रमःश स्तरोन्नती गर्दै लैजानु ।
- उद्यमशीलताको विकास, स्वरोजगारी र रोजगारी मार्फत गरिवी निवारण गर्नु ।
- संस्थागत सुशासन प्रभावकारी तुल्याउनु ।
- दिगो विकास, जलवायु अनुकुल विकास, लैङ्गिक उत्तरदायी विकासको अवधारणालाई प्राथमिकीकरण गर्नु ।

**आदरणीय सभाका अध्यक्षज्यू-,**

**सभाका सदस्यज्यूहरु** ।

अव म आर्थिक वर्ष २०८३/८४ को बजेटको प्राथमिकताहरु प्रस्तुत गर्न चाहन्छु ।

**आगामी आर्थिक वर्षको बजेट कार्यक्रमका प्राथिमिकताहरु**

- सामुदायिक विद्यालयको गुणस्तरमा सुधार र सर्वसुलभ शिक्षा ।
- कृषि, पशुपन्छि तथा मत्स्य प्रवर्द्धन तथा विकास।
- श्रम संस्कृतिको विकास, उद्यमशिलता विकास मार्फत स्वरोजगारी र रोजगारी सृजना ।
- परम्परागत र घरेलु उत्पादनलाई प्रोत्साहन ।
- सामाजिक सुरक्षा र संरक्षण, सामाजिक न्याय र समानता ।
- किस्पाङ पर्यटन प्रवर्द्धन तथा विकास ।
- सुशासन र संस्थागत क्षमता अभिवृद्धि ।
- पारदर्शि र जवाफदेही शासन, हेलो किस्पाङ टेलिफोन हटलाइन सेवा संचालन ।
- ज्येष्ठ नागरिक एकल महिला र आमाबाबु विहिन तथा टुहुरा बालबालिकाको विशेष संरक्षण।

**आदरणीय सभाका अध्यक्षज्यू-,**

**सभाका सदस्यज्यूहरु** ।

अव म आर्थिक वर्ष २०८३/८४ को बजेटको अपेक्षित उपलब्धिहरु प्रस्तुत गर्न चाहन्छु ।

**अपेक्षित उपलब्धिहरु**

- किस्पाङ बहु-प्राविधिक शिक्षालयको प्रभावकारी संचालन मार्फत गाउँपालिका भित्र प्राविधिक जनशक्ति उत्पादनमा वृद्धि हुने ।
- पशुपन्छि उपचारलाई सरल र सहज बनाउन पशु ल्याब स्थापन गरी किसानलाइ गुणस्तरीय सेवा प्रवाह हुने ।
- कृषि क्षेत्रको विकासको लागि गाउँपालिका स्तरीय कृषि प्रोफाइल निर्माण गरी मौसमी/बेमौसमि हावापानि सुहाउँदो बालि तथा फलफुलको विकास गरी कृषकको आयआर्जनमा विकास हुने ।
- शिक्षा क्षेत्रको विकासको लागि तालिम, अभिमुखिकरण, अतिरिक्त क्रियाकलाप संचालन, विद्यार्थी डायरि मुल्याङकन तथा शैक्षिक सुध्रिकरण कक्षा संचालन गरी शिक्षा क्षेत्रको विकास हुने।
- संस्थागत क्षमता अभिवृद्धि र सुशासन कायम गर्न सवै वडा कार्यालयहरुको आवश्यकता अनुसार भौतिक तथा संस्थागत क्षमाता विकास हुने ।
- संघिय समपुरक बाट गोङ्गा भञ्याङ फकुरी पर्यटकिय पुर्वाधारको विकास गरी प्रवर्द्धन हुने ।
- नागरिकलाई सर्वसुलभ स्वास्थ्य सेवा प्रदान गरी संक्रामक रोगहरुको संक्रमण रोकथाम तथा नियन्त्रण गरिने, ज्येष्ठ नागरिकको घरदैलोमानै पुगेर नियमित स्वास्थ्य परिक्षण गर्न कार्यक्रम संचालन हुने ।
- सुशासन र सेवा प्रवाहको प्रभावकारीताका लागि सवै कर्मचारी, विद्यालयका प्रधानाध्यापक र शिक्षककहरुसंग कार्यसम्पादन सम्झौता हुने ।
- वार्षिक बजेट लैङ्गिक रुपमा उत्तरदायी हुने ।
- विपन्न नागरिक, सहिद परिवार, द्वन्द पिडित, ज्येष्ठ नागरिक, एकल महिला, टुहुरा बालबालिका र अपांगता भएका व्यक्तिहरुको विशेष संरक्षण हुने ।

- किस्पाङ कृषि रुपान्तरण परियोजना संचालन गरी ३० महिना भित्र प्रत्यक्ष वा अप्रत्यक्ष गरी कृषि क्षेत्रमा करिव ३ हजार रोजगार सृजना हुने ।
- रैथाने भाषा संस्कृति र किस्पाङको मौलिक कला साहित्य र संस्कृति संरक्षण हुनुका साथै सामाजिक चेतना अभिवृद्धि मार्फत न्याय र समानतामा आधारीत समाज निर्माण हुने ।
- दिगो सर्वसुलभ र गुणस्तरीय भौतिक पूर्वाधार विकास हुने ।
- सामुदायिक विद्यालयहरुको गुणस्तर सुधार भई बालमैत्री शिक्षामा सुधार हुनुका साथै अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धा गर्न सक्ने जनशक्तिको निर्माण गर्न सामुदायिक शिक्षामा आमुल परिवर्तन हुने ।
- सुशासन तर्फको एक सफल कदम हाँसिल गरी आर्थिक वर्ष २०८२।८३ मा विगत वर्षहरुमा महालेखा परिक्षकको कार्यालयबाट जारी भएको अन्तिम लेखा परिक्षण प्रतिवेदनमा कायम भएको बेरुजु मध्ये २ करोड २५ लाखभन्दा बढीको बेरुजु फर्स्यौंट भएको ।

**आदरणीय सभाका अध्यक्षज्यू-,**
**सभाका सदस्यज्यूहरु** ।

अध्यक्षज्यूबाट प्रस्तुत आगामी आर्थिक वर्ष २०८३/८४ को नीति तथा कार्यक्रम अनुसार चालु वर्षको समिक्षात्मक विवरण र आ.व.२०८३/८४ को बजेट प्रस्तुत गर्ने अनुमती चाहन्छु ।

चालु आर्थिक वर्ष २०८२।८३ को बजेटको समिक्षा विवरण

गत आर्थिक वर्ष २०८१।८२ को यथार्थ आय ३५ करोड ३४ लाख ०६ हजार ३ सय १९ रुपैया पैसा १६ मात्र र यथार्थ व्यय ३५ करो ४७ लाख ३४ हजार ९ सय १६रुपैया ०२ पैसा मात्र भएको जानकारी गराउन चाहन्छु । कुल अनुमानको७५.०७प्रतिशत खर्च भएको छ। चालु आर्थिक वर्ष २०८२।८३ मा कुल ४६ करोड २९ लाख ५५ रुपैया बजेट विनियोजन भएकोमा हाल सम्मको खर्च २४ करोड ९९ लाख ७७ हजार ५ सय ६२ रुपैया ०१ पैसा गरी जम्मा बजेटको करिब ५३.९९ प्रतिशत खर्च भएको देखिन्छ । र सृजना भएको दायित्व अनुसार करीब ५ करोड ७५ लाख २४ हजार ३ सय रुपैया मात्र रकम अ.ल्या.भइ आगामी आ.व.मा आम्दानी हुने अनुमान गरेको छु ।असार मसान्त सम्मको संशोधित आयव्ययको अनुमान र आगामी आर्थिक वर्ष २०८३/८४ को अनुमानित आय र प्रस्तावित व्ययको विवरण अनुसूचीमा उल्लेखित गरेको छु ।

**आदरणीय सभाका अध्यक्षज्यू-,**
**सभाका सदस्यज्यूहरु**
अव म विषय तथा क्षेत्रगत विकासका वार्षिक मुख्य कार्यक्रम तथा बजेट प्रस्तुत गर्न अनुमती चाहन्छु ।
**आदरणीय सभाका अध्यक्षज्यू-,**
**सभाका सदस्यज्यूहरु**

**कृषि विकास शाखा**

१. गाउँपालिकाभित्रको कृषियोग्य भूमिको उर्वराशक्ति कायम राख्न तथा दिगो उत्पादन सुनिश्चित गर्न विगत वर्षदेखि सञ्चालित **वैज्ञानिक माटो परीक्षण र सुधार कार्यक्रम**लाई निरन्तरता दिन **आवश्यक बजेट व्यवस्था गरेको छु।**

२. "एक वडा, एक उत्पादन" को अवधारणा अनुरूप हरेक वडाको भौगोलिक विशिष्टताका आधारमा विशिष्टीकृत कृषि उपज पकेट क्षेत्रको रूपमा विकास गरिनेछ। यस अन्तर्गत फलफूल खेती प्रवर्द्धन कार्यलाई उच्च प्राथमिकताका साथ अगाडि बढाउन आवश्यक बजेट विनियोजन गरेको छु।

३. परम्परागत कृषिलाई आधुनिकीकरण गर्न र कृषियोग्य भूमिमा बाह्रै महिना सिँचाइ सुविधा पुऱ्याउन साना सिँचाइ प्रवर्द्धन कार्यक्रमलाई निरन्तरता दिँदै आवश्यक बजेट सुरक्षित गरेको छु।

४. कृषकहरूको उत्पादन लागत घटाउन र श्रमको सम्मान गर्दै कृषि कार्यलाई सहज बनाउन आधुनिक कृषि औजार, उपकरण तथा मेसिनरी सामग्री अनुदानमा वितरण गर्ने कार्यलाई प्रोत्साहन गर्न आवश्यक बजेटको प्रबन्ध मिलाएको छु।

५. वास्तविक किसानको पहिचान र राज्यबाट प्राप्त हुने सेवा सुविधाको न्यायोचित वितरणका लागि "किसान सूचीकरण" अभियान सञ्चालन गरिनेछ। कृषि तथा पशुपन्छी क्षेत्रको तथ्याङ्क सङ्कलन र अद्यावधिक कार्यलाई सफ्टवेयर प्रणालीमार्फत व्यवस्थापन गरी सेवा प्रवाहलाई प्रविधिमैत्री, पारदर्शी र जवाफदेही बनाउन आवश्यक बजेट विनियोजन गरेको छु ।

६. कृषि क्षेत्रमा युवाहरूको आकर्षण बढाउन, स्थानीय स्तरमै रोजगारी सृजना गर्न र नवप्रवर्तनलाई प्रोत्साहन गर्न "कृषिमा युवा उद्यम विकास तथा स्टार्टअप कार्यक्रम" सञ्चालनका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु।

७. कृषकहरूले आफ्नो श्रमको उचित मूल्य पाऊन् र बिचौलियाको अन्त्य होस् भन्ने उद्देश्यले स्थानीय स्तरमा कृषि उपज सङ्कलन केन्द्र सञ्चालन तथा बजार प्रवर्द्धनका कार्यक्रमहरू अगाडि बढाउन आवश्यक बजेट सुनिश्चित गरेको छु।

८. कृषक, सहकारी र बजारको प्रत्यक्ष आवश्यकता र मागलाई सम्बोधन गर्न सम्भाव्यताका आधारमा "मागमा आधारित विशेष कृषि कार्यक्रम" सञ्चालनका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

९. स्थानीय स्तरमै दक्ष कृषि जनशक्ति उत्पादन गर्ने नीति अनुरूप गाउँपालिका भित्रका जेहेन्दार विद्यार्थीहरूलाई डिप्लोमा कृषि प्राविधिक अध्ययनका लागि छात्रवृत्ति प्रदान गरिनेछ। साथै,

कृषकहरूको व्यावसायिक क्षमता अभिवृद्धिका लागि नियमित तालिमहरू सञ्चालन गर्न आवश्यक बजेटको व्यवस्था मिलाएको छु।

१०. कृषि कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्न नियमित फिल्ड अनुगमन, प्राविधिक सुपरिवेक्षण र समीक्षा बैठकको व्यवस्था मिलाइनेछ। कृषि सम्बन्धी विभिन्न दिवस तथा महोत्सवहरू आयोजना गरी उत्कृष्ट कार्य गर्ने अगुवा कृषकहरूलाई पुरस्कृत र सम्मानित गर्न आवश्यक बजेट विनियोजनको प्रस्ताव गर्दछु।

११. जलवायु परिवर्तनका कारण बालीनालीमा अचानक देखापर्ने रोगव्याधि र कीराहरूको प्रकोप नियन्त्रणका लागि प्राङ्गारिक तथा रासायनिक सामग्री खरिद र व्यवस्थापन गर्न आकस्मिक बाली संरक्षण कार्यक्रमलाई तयारी अवस्थामा राख्ने गरी आवश्यक बजेट सुरक्षित गरेको छु।

कृषि विकास शाखाका अन्तर्गत विभिन्न कार्यक्रम कार्यान्वयन गर्न ८२ लाख १४ हजार बजेट विनियोजन गरेको छु ।

<u>लघु उद्यम</u>

**आदरणीय सभाका अध्यक्षज्यू-,**
**सभाका सदस्यज्यूहरु**

१२. प्रत्येक वडाको विशिष्ट भौगोलिक पहिचान, स्थानीय कच्चा पदार्थको उपलब्धता र सम्भाव्यताको वस्तुगत अध्ययन गरी **"एक वडा, एक मुख्य उद्यम"** को अवधारणा अनुरूप विशिष्टीकृत उद्योग वा व्यवसायको स्थापना र प्रवर्द्धनका लागि **आवश्यक बजेटको प्रबन्ध मिलाएको छु।**

१३. गाउँपालिकाका सबै ५ वटै वडाहरूमा स्थानीय उपभोक्ताहरूको अधिकार सुनिश्चित गर्न, वस्तु तथा सेवाको गुणस्तर कायम राख्न र बजार अनुगमन सम्बन्धी व्यापक सचेतना कार्यक्रमहरू आयोजना गरी उपभोक्ता हितको संरक्षण गर्न **आवश्यक बजेट विनियोजन गरेको छु।**

१४. स्थानीय स्तरमा उदाहरणीय कार्य गर्ने, स्थानीय स्तरमै रोजगारी सिर्जना गर्ने र उद्यमशीलतामा नवीनता ल्याउने उत्कृष्ट लघु उद्यमीहरूलाई प्रोत्साहन र हौसला प्रदान गर्न वार्षिक रूपमा पुरस्कृत एवं सम्मानित गर्ने व्यवस्थाका लागि **आवश्यक बजेट सुरक्षित गरेको छु।**

१५. मौरीपालन व्यवसायलाई परम्परागत प्रविधिबाट मुक्त गरी आधुनिकीकरण र व्यावसायिक बनाउन उद्यमीहरूलाई **उच्च-स्तरीय (Advanced) प्राविधिक तालिम** प्रदान गरिनेछ। साथै, कृषक र उद्यमीहरूको व्यावहारिक ज्ञान र अनुभव आदान-प्रदानका लागि देशका उत्कृष्ट कृषि फार्महरूको अवलोकन भ्रमण गराउन **आवश्यक बजेट विनियोजन विनियोजन गरेको छु ।**

१६. हाल गाउँपालिकाभित्र सञ्चालनमा रहेका पुराना तथा घरेलु लघु उद्योगहरूको उत्पादन क्षमता र गुणस्तर बढाउन आधुनिक प्रविधि हस्तान्तरण, पुनर्ताजगी तालिम र बजार व्यवस्थापनमा सहयोग उपलब्ध गराउन **आवश्यक बजेट विनियोजन गरेको छु।**

१७. स्थानीय स्तरमा रहेका बेरोजगार युवा, महिला तथा विपन्न वर्गलाई लक्षित गरी नयाँ व्यवसाय सुरु गर्न प्राविधिक सीपमूलक तालिम, अभिमुखीकरण र प्रारम्भिक सहायता (स्टार्टअप सहयोग) प्रदान गरी स्वरोजगारी बढाउन **आवश्यक बजेट विनियोजन गरेको छु।**

**आगामी आर्थिक वर्षमा उद्यम विकास शाखा अन्तर्गत विशेष कार्यक्रमहरू सञ्चालन गर्न, उद्यमीहरूलाई आधुनिक सीप, प्रविधि हस्तान्तरण, ब्रान्डिङ र बजारिकरणमा सहयोग पुऱ्याउने उद्देश्यले रु. १२ लाख रुपैया बजेट विनियोजन गरेको छु।**

## सहकारी सुशासन तथा प्रविधि प्रवर्द्धन नीति

१८. गाउँपालिका भित्र सञ्चालित सम्पूर्ण सहकारी संस्थाहरूको आर्थिक पारदर्शिता र सुशासन सुनिश्चित गर्न "एकमुष्ट सहकारी लेखा निर्देशिका" जारी गरिनेछ। सहकारीका व्यवस्थापक तथा लेखापालहरूलाई दोहोरो स्रेस्ता प्रणाली सम्बन्धी विशेष क्षमता विकास तालिमको लागि आवश्यक बजेट विनियोजन गरेको छु।

१९. सहकारी विभागको अनलाइन प्रणाली (COPOMIS) मा गाउँपालिकाका सम्पूर्ण सहकारीहरूको विवरण शत-प्रतिशत प्रविष्टि गराउन प्राविधिक सहयोग र सघन कार्यशालाहरू सञ्चालन गरिनेछ। यसबाट सहकारीहरूको अनलाइन अनुगमन र नियमन कार्यलाई प्रभावकारी बनाउन आवश्यक बजेट व्यवस्थापन गरेको छु।

२०. सहकारीका सञ्चालक तथा पदाधिकारीहरूको काम, कर्तव्य र अधिकार स्पष्ट पार्न तथा आन्तरिक विवाद न्यूनीकरणका लागि सहकारी ऐन, नियम र जोखिम व्यवस्थापन सम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्न बजेटको व्यवस्था मिलाएको छु।

सहकारी क्षेत्रमा वित्तीय अनुशासन कायम हुने, प्रविधिको उच्चतम् प्रयोग बढ्ने र नागरिकको बचत सुरक्षित भई "सुशासित र समृद्ध गाउँपालिका" को लक्ष्यका साथ सहकारी क्षेत्रमा रु ९ लाख बजेट विनियोजन गरेको छु।

## बन, वातावरण तथा विपद व्यवस्थापन नीति तथा कार्यक्रम

२१. गाउँपालिका भित्र बढ्दो सहरीकरण र बजार क्षेत्रको फोहोरलाई व्यवस्थित गर्न "स्रोतमा नै फोहोर वर्गीकरण (कुहिने र नकुहिने)" गर्ने नीति अनुरूप प्लास्टिकजन्य फोहोर नियन्त्रणका लागि विशेष अभियान चलाइनेछ। साथै कुहिने फोहोरबाट प्राङ्गारिक मल बनाउन कृषि सहकारीहरूसँग सहकार्य गर्न बजेट व्यवस्थापन गरेको छु ।

२२. गर्मी मौसममा वन जङ्गलमा लाग्ने डढेलो रोक्न वन उपभोक्ता समूहहरूसँग मिलेर "डढेलो नियन्त्रण सचेतना अभियान" सञ्चालन गरिनेछ भने अग्नि-रेखा निर्माण र आधुनिक अग्नि नियन्त्रण उपकरणको व्यवस्था मिलाउन बजेट छुट्याएको छ। साथै, उपभोक्ता समितिहरूको संस्थागत क्षमता सुदृढ गर्न, वैज्ञानिक वन व्यवस्थापन पद्धति अपनाउन र पर्या-पर्यटन प्रवर्द्धनका लागि विशेष अभिमुखीकरण र क्षमता विकास तालिम प्रदान गर्न बजेट व्यवस्थापन गरेको छु।

२३. जलवायु परिवर्तनका नकारात्मक असरहरूलाई न्यूनीकरण गर्न गाउँपालिका स्तरमा वातावरणमैत्री र उत्थानशील "स्थानीय जलवायु अनुकूलन योजना" तर्जुमा गरी कार्यान्वयन गरिनेछ। भौगोलिक रूपमा जोखिमयुक्त र पहिरो प्रभावित क्षेत्रहरूको पहिचान गरी डिजिटल तथ्याङ्क व्यवस्थापन गर्न तथा उच्च जोखिममा रहेका वस्तीहरूमा पूर्व-सूचना प्रणाली र सचेतना कार्यक्रमहरू सञ्चालन गर्न बजेटको व्यवस्था गरेको छु।

२४. गाउँपालिकामा २४ सै घण्टा तयारी अवस्थामा रहने गरी "स्थानीय आपातकालिन कार्यसञ्चालन केन्द्र" लाई व्यवस्थित रूपमा सञ्चालन गरिनेछ। विपदको समयमा राहत र उद्धारका लागि अत्यावश्यक सामग्रीहरूको पूर्व-भण्डारण गर्न तथा बाढी, पहिरो एवं मौसम सम्बन्धी पूर्वजानकारी तत्काल आम नागरिकसम्म पुऱ्याउन एक आधुनिक र डिजिटल "विपद सूचना प्रणाली" सञ्चालनमा ल्याउन आवश्यक बजेट व्यवस्थापन गरेको छु।

२५. आकस्मिक रूपमा आइपर्ने प्राकृतिक प्रकोपहरुबाट पीडित नागरिकलाई तत्काल राहत, क्षतिपूर्ति र पुनर्स्थापना गर्नका लागि गाउँपालिकामा एक सबल र पारदर्शी "विपद व्यवस्थापन कोष" को सुदृढीकरणका लागि विशेष बजेट व्यवस्थापन गरेको छु।

"हरित एवं सुरक्षित गाउँपालिका" को साझा लक्ष्य हासिल हुने लक्ष लिई विपद जोखिम न्यूनीकरण गर्न वन वातावरण तथा विपद व्यवस्थापन तर्फ रु. ३३ लाख बजेट विनियोजन गरेको छु ।

**पशुपन्छि विकास नीति तथा कार्यक्रम**

**आदरणीय अध्यक्षज्यू,**
**सभाका सदस्यहरू।**

हाम्रो स्थानीय अर्थतन्त्रको मुख्य आधार, खाद्य सुरक्षाको ग्यारेन्टी र बहुसंख्यक नागरिकको जीविकोपार्जनको स्रोत नै कृषि तथा पशुपालन क्षेत्र हो। पशुपालक कृषकहरूको व्यावसायिक क्षमता वृद्धि गर्दै उत्पादन बढाउनु र कृषिमा आधारित स्वरोजगारी सिर्जना गर्नु हाम्रो स्थानीय सरकारको मुख्य प्राथमिकता रहँदै आएको छ।

२६. यसै परिप्रेक्ष्यमा, हाम्रो स्वीकृत नीति तथा कार्यक्रमलाई व्यवहारमा उतार्न आगामी आर्थिक वर्षका लागि कृषि तथा पशु सेवा क्षेत्रतर्फ कुल **रु. ७७ लाख ६० हजार** बजेट विनियोजन गरेको छु। यस क्षेत्रका मुख्य कार्यक्रमहरूका लागि निम्न बमोजिम बजेट व्यवस्थापन गरेको छुः

२७. दुग्ध उत्पादक कृषकहरूलाई प्रत्यक्ष प्रोत्साहन गर्न सहकारी वा स्वीकृत संकलन केन्द्रमार्फत बिक्री वितरण भएको दूधमा प्रति लिटर रु. ३ (तिन रुपैयाँ) अनुदान सिधै किसानको बैंक खातामा जम्मा हुने व्यवस्थाका लागि **रु. २० लाख** बजेट व्यवस्थापन गरेको छु।

२८. वैदेशिक रोजगारीबाट फर्किएका र स्थानीय बेरोजगार युवाहरूलाई आधुनिक पशुपालनमा आकर्षित गरी स्वरोजगार बनाउन ५०% लागत सहभागिता (अनुदान) कार्यक्रम अन्तर्गत **रु. ५ लाख** बजेट व्यवस्थापन गरेको छु।

२९. पशुपालक कृषक र प्राविधिकहरूको व्यावसायिक क्षमता अभिवृद्धि तथा आधुनिक प्रविधि हस्तान्तरणका लागि एक सुविधासम्पन्न "पालिका स्तरीय पशु सेवा तालिम केन्द्र" को स्थापना र सञ्चालन गर्न **रु. ५ लाख** बजेट व्यवस्थापन गरेको छु।

३०. सामुदायिक तथा भुस्याहा कुकुरहरूको सङ्ख्या नियन्त्रण गर्न र रेबिज रोग उन्मूलनका लागि कुकुर बन्ध्याकरण तथा रेबिज विरुद्धको खोप कार्यक्रमका लागि आवश्यक सामग्री र प्राविधिकको व्यवस्थापन गर्न आवश्यक बजेट व्यवस्थापन गरेको छु।

३१. गाईभैंसीहरूमा देखा पर्ने थुनेलो तथा प्रजनन सम्बन्धी समस्या निवारणका लागि विशेष तथा विशेषज्ञ शिविरहरू सञ्चालन गर्न, गाउँ-गाउँमा पशु स्वास्थ्य शिविर र आन्तरिक तथा बाह्य परजीवी नियन्त्रण कार्यक्रमलाई अभियानको रूपमा अगाडि बढाउन आवश्यक बजेट व्यवस्थापन गरेको छु।

३२. सम्पूर्ण पशु र कृषकहरूको तथ्याङ्क व्यवस्थित गर्न, अनुदान प्रणालीलाई पारदर्शी र कागजरहित बनाउन "कृषि तथा पशुपन्छी डिजिटल प्रोफाइलिङ सफ्टवेयर" को व्यवस्थापन र सञ्चालनका लागि आवश्यक बजेट व्यवस्थापन गरेको छु।

३३. रैथाने तथा स्थानीय पशुहरूको नश्ल सुधारका लागि वडास्तरसम्म कृत्रिम गर्भाधान विस्तार गर्न आवश्यक तरल नाइट्रोजन र उन्नत जातको सिमेन खरिदका लागि बजेट विनियोजन गरेको छु। साथै, गरिब तथा जेहेन्दार विद्यार्थीहरूलाई प्राविधिक शिक्षा अध्ययन (पशु विज्ञान/भेटेरिनरी) का लागि छात्रवृत्ति अनुदान, उत्कृष्ट कृषक सम्मान (दुग्ध, भेडा/बाखा र कुखुरा पालन) कार्यक्रम, र जुनोटिक रोग सम्बन्धी विद्यालयस्तरमा जनचेतना कार्यक्रम सञ्चालनका लागिसमेत आवश्यक बजेट व्यवस्थापन गरेको छु।

यसरी व्यवस्थापन गरिएको कुल **रु. ७७ लाख ६० हजार** बजेटको सही सदुपयोगबाट हाम्रा वास्तविक कृषकहरू लाभान्वित हुने र "परम्परागत कृषिको रूपान्तरण, समृद्ध र आत्मनिर्भर पालिका" को साझा लक्ष्य हासिल हुने बलियो विश्वास लिएको छु।

## पर्यटन नीति

**आदरणीय अध्यक्षज्यू,**

**सभाका सदस्यहरू।**

किस्पाङ गाउँपालिकाको विकास र समृद्धिको एउटा मुख्य आधार यहाँको अद्वितीय प्राकृतिक सौन्दर्य र साहसिक पर्यटनको प्रचुर सम्भावना हो। स्थानीय कला, संस्कृति र पर्यावरणको संरक्षण गर्दै पर्यटन क्षेत्रलाई रोजगारी र आयआर्जनको मुख्य माध्यमका रूपमा विकास गर्न हाम्रो स्थानीय सरकार दृढ सङ्कल्पित छ।

३४. वाह्य पर्यटक लाइ यस क्षेत्रमा प्रवेश गराई यस क्षेत्रका नागरिकहरुलाइ सफल उद्यमीका रूपमा रोजगारीका अवसरहरू उपलब्ध गराउन 'एकीकृत किस्पाङ पर्यटक प्रवर्द्धन कार्यक्रम' सञ्चालन गर्न होमस्टे प्रवर्धन कार्यक्रमलाइ विशेष जोड दिइने छ यसको लागि आवश्यक बजेट व्यवस्थापन गरेको छु।

३५. हाम्रो पालिकामा साहसिक पर्यटनको विकास गरी आन्तरिक तथा बाह्य पर्यटकहरूलाई आकर्षित गर्न लामो समयदेखि प्रतिक्षित 'साल्मे भाल्चे जिपलाइन' सम्भाव्यता अध्ययन कार्य सम्पन्न गरी निर्माण प्रक्रियालाई द्रुत गतिमा अगाडि बढाउन आवश्यक बजेट व्यवस्थापन गरेको छु।

३६. स्थानीय कला, संस्कृति र प्राकृतिक सम्पदाको संरक्षण गर्दै ग्रामीण पर्यटनको विकास गर्न सम्भावित क्षेत्रहरूमा होम-स्टे (घरबास) सञ्चालनका लागि आवश्यक पूर्वाधार विकास गर्न तथा व्यवस्थापकीय तालिम सञ्चालन गर्न **आवश्यक बजेटको व्यवस्था मिलाएको छु।**

३७. सांस्कृतिक सौन्दर्यलाई उजागर गर्दै पवित्र धार्मिक स्थल फिकुरी डाँडामा पर्यटक भित्र्याउन गोङा भञ्याङ फिकुरी पर्यटकीय पैदलमार्ग निर्माण कार्यलाई उच्च प्राथमिकताका साथ अगाडि बढाउन रु ६० लाख बजेट व्यवस्थापन गरेको छु।

किस्पाङ गाउँपालिकाको विकास र समृद्धिको एउटा मुख्य आधार यहाँको अद्वितीय प्राकृतिक सौन्दर्य जोड्ने पर्यटन विकास तर्फ सशर्त, विशेष र समपुरक बाहेक २२ लाख बजेट विनियोजन गरेको छु ।

**आदरणीय सभाका अध्यक्षज्यू-,**

**सभाका सदस्यज्यूहरु**

"आर्थिक विकासको क्षेत्रलाई उच्च प्राथमिकतामा राख्दै विकास निर्माण कार्य लगायत अन्य प्रशासनीक कार्यहरूका लागि **रु. २ करोड ४० लाख २४ हजार** बजेट विनियोजन गरेको छु।"

## स्वास्थ्य तथा सरसफाई कार्यक्रम

**आदरणीय सभाका अध्यक्षज्यू-,**

**सभाका सदस्यज्यूहरु**

"स्वस्थ नागरिक, समृद्ध गाउँपालिका" को संकल्पलाई साकार पार्न आधारभूत स्वास्थ्य सेवामा नागरिकको समतामुलक पहुँच सुनिश्चित गर्नु हाम्रो प्राथमिक दायित्व हो। स्वास्थ्य सेवालाई प्रविधिमैत्री, सुलभ र गुणस्तरीय बनाउँदै रोकथाम तथा उपचारात्मक प्रणालीलाई सुदृढ गर्न आगामी आर्थिक वर्ष २०८३/०८४ का लागि स्वास्थ्य क्षेत्रतर्फ निम्न बमोजिमका नीति, कार्यक्रम तथा बजेट व्यवस्थापन गरेको छु ।

३८. गाउँपालिका भित्रका सम्पूर्ण स्वास्थ्य चौकीहरूको प्रशासनिक कार्यलाई चुस्त, दुरुस्त बनाउन आवश्यक स्टेसनरी, सरसफाइ सामग्री र स्वच्छ खानेपानीको उपलब्धता सुनिश्चित गर्दै स्वास्थ्य संस्थाहरूको सेवा प्रवाहलाई मर्यादित बनाइनेछ।

३९. गाउँपालिका भित्रका स्वास्थ्य चौकी, सामुदायिक स्वास्थ्य इकाई तथा खोप केन्द्रहरूबाट नागरिकहरूलाई निःशुल्क वितरण गरिने अत्यावश्यक औषधि खरिदका लागि रु. १० लाख बजेट व्यवस्थापन गरेको छु।

४०. गरिब, विपन्न तथा लक्षित वर्गका नागरिकहरूलाई स्वास्थ्य सेवाको पहुँचमा ल्याउन स्वास्थ्य बिमा प्रिमियम भुक्तानीका लागि रु ८ लाख रुपैयाँ बजेट व्यवस्थापन गरेको छु।

४१. नागरिकको स्वास्थ्य सुरक्षा र आकस्मिक उपचारलाई उच्च प्राथमिकतामा राखी पालिकाभित्र २४ सै घण्टा एम्बुलेन्स सेवा प्रवाहलाई चुस्त र भरपर्दो बनाउन आवश्यक बजेट सुनिश्चित गरेको छु।

४२. गाउँपालिका अन्तर्गतका काहुले स्वास्थ्य चौकीहरूबाट किस्पाङ नमुना स्वास्थ्य सेवासहितको गुणस्तरीय चिकित्सकीय (MBBS) सेवा सुनिश्चित गर्न आवश्यक बजेट व्यवस्थापन गरेको छु।

४३. तोकिएको स्वास्थ्य जाँचहरू पूर्ण रूपमा निःशुल्क सञ्चालन गर्न ल्याबजन्य सामग्री खरिद तथा गाउँवासीका लागि विशेषज्ञ स्वास्थ्य शिविर र परीक्षण कार्यक्रम सञ्चालन गर्न रु. छ लाख रुपैयाँ बजेट व्यवस्थापन गरेको छु।

४४. आयुर्वेदिक औषधि खरिद को लागि आवश्यक बजेट व्यवस्थापन गरिएको छ। साथै, भल्चे, फिकुरी, काहुले, साल्मे र मनकामना स्वास्थ्य चौकीहरूको प्रशासनिक खर्च, खोप क्लिनिक सञ्चालन, रक्त सञ्चार अनुदान, HMIS डिजिटाइजेसन तथा विपन्न नागरिकका लागि आकस्मिक एम्बुलेन्स प्रेषण (Referral) सेवाका लागि समेत आवश्यक बजेट सुनिश्चित गरेको छु।

४५. "सुनौला हजार दिनका आमाहरू" को पोषण सुरक्षाका लागि संस्थागत सुत्केरी पोषण खर्च र पोषण सामग्रीहरू उपलब्ध गराइनेछ। गाउँपालिकामा **"शून्य होम डेलिभरी"** (Zero Home Delivery) को नीतिलाई थप प्रभावकारी रूपमा निरन्तरता दिन आवश्यक बजेट व्यवस्थापन गरेको छु ।

४६. फिल्डमा खटिने नर्सिङ कर्मचारीहरूलाई सञ्चार सुविधा र समुदायको खम्बाका रूपमा रहेका महिला स्वास्थ्य स्वयंसेविकाहरूको मासिक स्वास्थ्य आमा समूह बैठकको यातायात खर्चलाई निरन्तरता दिन बजेट सुरक्षित गरेको छु।

आधारभूत स्वास्थ्य सेवा प्रवाह, जनशक्ति व्यवस्थापन र स्वास्थ्य सेवा सुदृढीकरण, जनशक्तिको क्षमता विकास समेतको लागि स्वास्थ्य तथा सरसफाई तर्फ कुल रु.८४ लाख ९० हजार बजेट विनियोजन गरेको छु ।

## शिक्षा युवा तथा खेलकुद

**आदरणीय अध्यक्षज्यू,**
**सभाका सदस्यहरू।**

"गुणस्तरीय शिक्षा, समृद्धिको आधार" र "स्वस्थ युवा, गतिशील समाज" भन्ने मूल मर्मलाई आत्मसाथ गर्दै हाम्रा बालबालिकाहरूको उज्ज्वल भविष्य र युवाहरूको चौतर्फी विकासका लागि हाम्रो गाउँपालिका पूर्ण रूपमा प्रतिबद्ध छ। शैक्षिक क्षेत्रको आमूल सुधार, प्रविधिको उच्चतम् प्रयोग, र युवाहरूलाई खेलकुदका माध्यमबाट अनुशासित बनाउनु हाम्रो स्थानीय सरकारको मुख्य प्राथमिकता हो।

यसै परिप्रेक्ष्यमा, गाउँपालिकाको स्वीकृत शिक्षा, युवा तथा खेलकुद नीतिलाई कार्यान्वयन गर्न आगामी आर्थिक वर्षका लागि **शिक्षा क्षेत्रतर्फ कुल रु. १ करोड ४९ लाख ८ हजार रुपैयाँ** र **युवा तथा खेलकुद क्षेत्रतर्फ कुल रु. १४ लाख ५२ हजार रुपैयाँ** बजेट विनियोजन गरेको छु। यस क्षेत्रका मुख्य कार्यक्रमहरूका लागि निम्न बमोजिम बजेट व्यवस्थापन गरेको छुः

४७. दरबन्दीमा भएका अस्थायी शिक्षकहरूका लागि सामाजिक सुरक्षा कोष (SSF) को व्यवस्थापन प्रक्रिया अगाडि बढाउन आवश्यक बजेट व्यवस्थापन गरेको छु।

४८. कक्षा १ देखि ८ सम्मको स्थानीय पहिचान, संस्कृति र सीप समेटिएको स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तक छपाई गरी लागू गरिनेछ। कक्षा ५ र ८ को परीक्षालाई मर्यादित बनाउन तथा कक्षा ४, ६, ७, र ९ को प्रश्नपत्र निर्माणमा एकरूपता ल्याउन र कक्षा १-५ का लागि मूल्याङ्कन कार्यसञ्चयिका छपाई गर्न आवश्यक बजेट सुनिश्चित गरेको छु।

४९. नेपाल सरकारले प्रदान गर्दै आएको दिवा खाजामा गाउँपालिकाको तर्फबाट थप रु. ५ दिवा खाजा प्रोत्साहन अनुदानलाई निरन्तरता दिन र माध्यमिक विद्यालयहरूमा शैक्षिक सुधारका लागि अतिरिक्त कक्षा सञ्चालन प्रोत्साहन कार्यक्रमका लागि बजेट व्यवस्थापन गरेको छु।

५०. विपन्न, टुहुरा र अशक्त विद्यार्थीहरूलाई स्टेसनरी वितरण गरिनेछ। दलित तथा विपन्न विद्यार्थीहरूका लागि उच्च शिक्षा र HA एवं Pharmacy अध्ययनका लागि छात्रवृत्तिको व्यवस्था मिलाएको छु।

५१. 'रुम टु रिड' सँग साझेदारी गरी बालबालिकाहरूको पठन सीप विकास कार्यक्रम थप कक्षाहरुमा विस्तार गर्न बजेटको व्यवस्था गरेको छु।

५२. शिक्षकहरूका लागि विषयगत, इमिस, लेखा, आइ.सि.टी. (ICT) र PAMS जस्ता क्षमता विकास तालिम सञ्चालन गरिनेछ। विद्यालयहरूमा ई-हाजिरी व्यवस्थापन, स्मार्ट स्कुल/एसेम्बली कार्यक्रम, कम्प्युटर/प्रिन्टर मर्मत तथा शौचालय मर्मत एवं व्यवस्थापन कार्यलाई तीव्रता दिन आवश्यक बजेटको व्यवस्थापन गरेको छु।

५३. ग्रामीण क्षेत्रका विद्यार्थीहरूको सहज पहुँचका लागि ज्ञानज्योति माविलाई विद्यालय बस सञ्चालन अनुदान दिने व्यवस्था मिलाएको छु भने भौगोलिक विकटता र विद्यार्थी संख्याका आधारमा बहुकक्षा बहुस्तर कक्षा सञ्चालन र व्यवस्थापनका लागि बजेट सुनिश्चित गरेको छु।

५४. युवा तथा खेलकुद क्षेत्रतर्फ गाउँपालिका स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता र 'किस्पाङ अध्यक्ष कप' (फुटबल) प्रतियोगिता भव्य रूपमा सञ्चालन गर्न, विभिन्न प्रतियोगिताहरूमा सहभागिता जनाउन आवश्यक बजेट व्यवस्थापन गरेको छु ।

५५. सम्पूर्ण विद्यालयहरूमा खेलकुद गतिविधिलाई व्यावसायिक बनाउन 'गाउँपालिका खेलकुद शिक्षक/प्रशिक्षक' को नवीन व्यवस्था मिलाएको छु, जसले विद्यालयहरूमा आलोपालो भ्रमण गरी खेल प्रतिभा पहिचान र प्रशिक्षण दिनेछन्।

५६. विद्यार्थीहरूमा वैज्ञानिक सोच विकास गर्न गाउँपालिका स्तरीय विज्ञान प्रदर्शनी आयोजना गरिनेछ। शिक्षक, अभिभावक र विद्यार्थीबीचको त्रिपक्षीय सम्बन्ध मजबुत बनाउन शैक्षिक परामर्श तथा अभिभावक शिक्षा कार्यक्रम सञ्चालन गर्न र विद्यालय अनुगमन, प्र.अ./शिक्षा समिति बैठक एवं शैक्षिक समीक्षा गोष्ठीका लागि बजेट छुट्याएको छु।

५७. उत्कृष्ट विद्यार्थी, शिक्षक तथा विद्यालय सम्मान, सेवानिवृत्त शिक्षक सम्मान, शैक्षिक पात्रो प्रकाशन, शिक्षक परिचय पत्र छपाईका साथै स्वीकृत दरबन्दी, शिक्षक राहत अनुदान, निःशुल्क पाठ्यपुस्तक, निःशुल्क स्यानिटरी प्याड व्यवस्थापन र प्राविधिक शिक्षा सञ्चालन अनुदानलाई निरन्तरता दिने नीति अनुरूप बजेट व्यवस्थापन गरेको छु।

यसरी व्यवस्थापन गरिएको कुल बजेटको पारदर्शी र प्रभावकारी कार्यान्वयनबाट हाम्रो गाउँपालिकाको शैक्षिक गुणस्तर संस्थागत हुने, खेलकुदको माध्यमबाट युवाहरूको प्रतिभा प्रस्फुटन हुने र "शिक्षित, स्वस्थ र समृद्ध गाउँपालिका" को साझा लक्ष्य हासिल हुने बलियो विश्वास लिएको छु।

**महिला, बालबालिका, ज्येष्ठ नागरिक कार्यक्रम**

**आदरणीय अध्यक्षज्यू,**
**सभाका सदस्यहरू।**

५८. महिलाहरूको सर्वाङ्गिण नेतृत्व विकासका लागि भाषणकला तथा नेतृत्व विकास कार्यक्रम, १६ दिने लैङ्गिक हिंसा विरुद्ध अभियान र किशोरी तथा महिलाहरूको आत्मविश्वास बढाउन 'महिला आत्मरक्षा कार्यक्रम' सञ्चालन गर्न बजेट व्यवस्थापन गरेको छु।

५९. ज्येष्ठ नागरिकहरूको सम्मान र सहजताका लागि घरदैलोमै पुगेर स्वास्थ्य परीक्षण तथा आवश्यक परामर्श दिन 'ज्येष्ठ नागरिक घुम्ती सेवा' सञ्चालन गर्न र सहाराविहीन तथा आर्थिक रूपमा कमजोर वृद्धवृद्धाहरूका लागि 'विपन्न ज्येष्ठ नागरिक सहयोग कार्यक्रम' मार्फत राहत दिन बजेट विनियोजन गरेको छु।

६०. अपाङ्गता परिचय पत्र वितरणलाई व्यवस्थित गर्न र अपाङ्गता भएका व्यक्तिहरूलाई आत्मनिर्भर बनाउन 'समुदायमा आधारित पुनःस्थापना सहयोग कार्यक्रम' का लागि बजेट व्यवस्थापन गरेको छु। साथै बालबालिकाहरूलाई इन्टरनेटको कुलत र साइबर अपराधबाट जोगाउन 'सुरक्षित इन्टरनेट, सजग बालबालिका अभियान' र बालविवाह अन्त्यका लागि समुदाय परिचालन गर्न बजेट छुट्याएको छु।

६१. बैंक वा वडा कार्यालयसम्म आउन नसक्ने असहाय र अशक्त नागरिकहरूका लागि बैंकसँगको समन्वयमा घर-घरमै गई सामाजिक सुरक्षा भत्ता वितरण गर्ने कार्य र पारदर्शी प्रणालीका लागि घरमै बायोमेट्रिक भेरिफिकेसन शिविर सञ्चालन गर्न बजेट व्यवस्थापन गरेको छु।

६२. राष्ट्रिय परिचयपत्र तथा सामाजिक सुरक्षा व्यवस्थापन प्रणालीलाई आधुनिक बनाउन डिजिटल पहिचानका लागि प्रत्येक वडा कार्यालयको लागि आइरिस स्क्यानर (Iris Scanner) खरिद गरी जडान गर्न बजेट व्यवस्थापन गरेको छु। साथै शतप्रतिशत व्यक्तिगत घटना दर्ताका लागि 'घटना दर्ता सप्ताह' सञ्चालन गर्न बजेट व्यवस्था गरेको छु।

महिला बालबालिका तथा ज्येष्ठ नागरकि शाखा अन्तर्गत रु १० लाख ५० हजार बजेट विनियोजन गरेको छु ।

**भाषा, संस्कृति, कला, साहित्य र भूमी**

**आदरणीय अध्यक्षज्यू,**

**सभाका सदस्यहरू।**

हाम्रो गाउँपालिकाको पहिचान यहाँको विविधतायुक्त भाषा, संस्कृति, ऐतिहासिक धरोहर र प्राकृतिक सौन्दर्यमा निहित छ। सांस्कृतिक सम्पदाको संरक्षण गर्दै पर्यटन प्रवर्द्धन गर्नु र लामो समयदेखि अल्झिएका भूमिसम्बन्धी समस्याहरूलाई वैज्ञानिक ढंगले समाधान गरी नागरिकलाई राहत दिनु हाम्रो स्थानीय सरकारको महत्त्वपूर्ण दायित्व हो। किस्पाङ गाउँपालिकाको गौरव बढाउन र नागरिकका आधारभूत समस्या समाधान गर्न स्वीकृत नीति तथा कार्यक्रमहरू कार्यान्वयनका लागि आगामी आर्थिक वर्षका लागि यस क्षेत्रतर्फ २२ लाख बजेट विनियोजन गरेको छु।

६३. गाउँपालिकाभित्र रहेका विभिन्न जातजाति, समुदायको रैथाने भाषा, संस्कृति, कला तथा साहित्य प्रबर्द्धनका लागि विशेष कार्यक्रमहरू सञ्चालन गर्न र स्थानीय स्रष्टा एवं कला-साहित्यको सम्मान तथा संरक्षणका लागि आवश्यक बजेट व्यवस्थापन गरेको छु।

६४. हाम्रो ऐतिहासिक तथा सांस्कृतिक धरोहरका रूपमा रहेका परम्परागत जात्रा, महोत्सव तथा मेलाहरूलाई मौलिक स्वरूपमा संरक्षण र संवर्द्धन गर्न पालिकाको तर्फबाट संस्थागत तथा आर्थिक सहयोग उपलब्ध गराउन बजेट व्यवस्थापन गरेको छु। यसलाई स्थानीय पर्यटन र आर्थिक गतिविधिसँग जोडिनेछ।

६५. किस्पाङ गाउँपालिकाका प्राकृतिक, सांस्कृतिक तथा ऐतिहासिक क्षेत्रहरूको देश-विदेशमा प्रचार-प्रसार गरी आन्तरिक तथा बाह्य पर्यटक आकर्षित गर्न विशेष वृत्तचित्र निर्माण, ब्रान्डिङ र विज्ञापन जस्ता प्रवर्द्धनात्मक अभियानहरू सञ्चालन गर्न बजेट व्यवस्थापन गरेको छु।

६६. गाउँपालिकावासीहरूमा सामाजिक उत्तरदायित्व, सकारात्मक परिवर्तन, सुशासन र नागरिक कर्तव्यको बोध गराउन 'किस्पाङ जागरणका लागि जनचेतना कार्यक्रम' व्यापक रूपमा सञ्चालन गर्न बजेटको व्यवस्था गरेको छु। यस कार्यक्रम मार्फत सामाजिक कुरीति र लागुऔषध दुर्व्यसनी विरुद्ध वडा र टोलस्तर सम्म सचेतना अभियान चलाइनेछ।

६७. गाउँपालिकाका मुख्य सडकहरूको दायाँ-बायाँ परेका र सार्वजनिक भइसकेका जग्गाहरूको लामो समयदेखि अल्झिएको समस्या समाधान गर्न 'मुल सडकको जग्गाको लगत कट्टी कार्यक्रम' लाई अभियानका रूपमा अगाडि बढाउन बजेट व्यवस्थापन गरेको छु। यसबाट सडकको क्षेत्राधिकार स्पष्ट हुनेछ र स्थानीय नागरिकहरूले उपयोग नगरेको जग्गाको कर तिर्नुपर्ने बाध्यताको अन्त्य हुनेछ।

६८. सङ्घीय भू-उपयोग ऐन र गाउँपालिकाको दीर्घकालीन हितलाई ध्यानमा राखी भु-वर्गीकरणको अध्यावधिक र बिबिध व्यवस्थापन कार्यलाई तीव्रता दिन बजेट व्यवस्थापन गरेको छु।

यसरी व्यवस्थापन गरिएको बजेटको न्यायोचित र प्रभावकारी कार्यान्वयनबाट किस्पाङको ऐतिहासिक र सांस्कृतिक पहिचान जोगिनेछ, पर्यटन क्षेत्रले नयाँ गति लिनेछ र लामो समयदेखिको जग्गा सम्बन्धी समस्या समाधान भई "सचेत, व्यवस्थित र समृद्ध किस्पाङ गाउँपालिका" को साझा लक्ष्य हासिल हुने बलियो विश्वास लिएको छु।

"सामाजिक रूपान्तरण र विकासका गतिविधिहरूका लागि सामाजिक विकास क्षेत्रतर्फ कुल **रु. २ करोड ९० लाख** ३० हजार बजेट विनियोजन गरेको छु ।

<u>कार्यालय संचालन तथा व्यवस्थापन</u>

**आदरणीय अध्यक्षज्यू,**
**सभाका सदस्यहरू।**

गाउँपालिकाको आन्तरिक सुशासनलाई मजबुत बनाउनु, सेवा प्रवाहलाई चुस्त, पारदर्शी र प्रविधिमैत्री रूपमा नागरिकको घर-आँगनसम्म पुऱ्याउनु तथा योजनाबद्ध विकासको जग बसाल्नु हाम्रो स्थानीय सरकारको मुख्य सङ्कल्प हो। राष्ट्रसेवक कर्मचारीहरूको उच्च मनोबल र मजबुत भौतिक तथा प्राविधिक पूर्वाधार नै समृद्ध गाउँपालिकाका आधार हुन् भन्ने तथ्यलाई हामीले आत्मसाथ गरेका छौं।

६९. दीर्घकालीन विकास र योजनाबद्ध बजेट निर्माणको वैज्ञानिक जग बसाल्न 'मध्यकालिन खर्च संरचना' तयार पारी सोही अनुरूप योजनाहरू तर्जुमा गर्न प्रवन्ध मिलाएको छु।

७०. पालिकाका ठूला तथा गौरवका योजनाहरूलाई व्यवस्थित र प्राविधिक रूपमा सबल बनाउन 'पुँजीगत अनुसन्धान परामर्श', 'सेवा र परामर्श खर्च' का साथै विभिन्न आयोजनाहरूको प्रारम्भिक वातावरणीय परीक्षण (IEE) र विस्तृत परियोजना प्रतिवेदन (DPR) तयार पार्ने कार्यका लागि बजेट सुनिश्चित गरेको छु।

७१. कार्यालयको सञ्चार संयन्त्रलाई आधुनिक र नवप्रवर्तनकारी बनाउन आवश्यक सञ्चार र इन्टरनेट शुल्कको व्यवस्था गरी गाउँपालिकाको केन्द्र तथा सबै वडा कार्यालयहरूमा द्रुत गतिको इन्टरनेट पहुँच सुनिश्चित गर्न बजेटको व्यवस्था मिलाएको छु।

७२. गाउँपालिकाको सार्वजनिक सेवा प्रवाहलाई थप चुस्त र नतिजामुखी बनाउन कार्यरत राष्ट्रसेवक कर्मचारीहरूको मनोवल उच्च गर्न संघीय सरकारको नीति बमोजिम सेवामा थप उत्प्रेरित र जिम्मेवार बनाउन कार्यसम्पादनमा आधारित प्रोत्साहन प्रणाली लागू गर्न र उत्कृष्ट कार्य गर्ने कर्मचारीलाई पुरस्कृत गर्ने नीति अनुरूप बजेट व्यवस्थापन गरेको छु।

७३. गाउँपालिकाका मौजुदा कार्यालय भवनहरूलाई सेवाग्राहीमैत्री, अपाङ्गतामैत्री र प्रविधिमैत्री बनाउन 'निर्मित भवनको संरचनात्मक सुधार खर्च' र 'निर्मित भवनको मर्मत संभार खर्च' मार्फत भौतिक सुदृढीकरणका लागि बजेट विनियोजन गरेको छु।

७४. पालिकाका बैठक, सभा र सार्वजनिक समारोहहरू व्यवस्थित रूपमा सञ्चालन गर्न 'गाउँपालिकाको सभाहल निर्माण' का लागि रु. १० लाख बजेट विनियोजन गरेको छु।

७५. पालिकाको दैनिक कामकाज तथा आकस्मिक रूपमा आइपर्ने विकास निर्माणका कार्यहरूलाई तीव्रता दिन 'सवारी साधन मर्मत', 'पालिका ब्याकलोडर इन्धन' र 'पालिका ब्याकलोडर मर्मत' को उचित प्रबन्धका लागि बजेट व्यवस्थापन गरेको छु।

७६. गाउँपालिकाको प्रशासनिक क्षमता सुदृढ हुने, आन्तरिक सुशासनमा ऐतिहासिक सुधार आउने र "पारदर्शी, प्रविधिमैत्री र सुशासित गाउँपालिका" को साझा लक्ष्य हासिल गर्ने उद्देश्यका साथ कार्यालय संचालन तथा व्यवस्थापनमा रु ८ करोड ९ लाख ७५ हजार बजेट विनियोजन गरेको छु ।

७७. राष्ट्रसेवक कर्मचारीहरूको सामाजिक सुरक्षा र हितलाई मध्यनजर गर्दै 'कर्मचारी कल्याणकारी कोष स्थापना' का लागि रु. १० लाख बजेट विनियोजन गरेको छु।

## किस्पाङ गौरवका योजना

**आदरणीय अध्यक्षज्यू,**
**सभाका सदस्यहरू।**

"समुन्नत किस्पाङ, समृद्ध नागरिक" को साझा सपनालाई साकार पार्न, सुशासनलाई संस्थागत गर्न, पूर्वाधार विकासलाई सन्तुलित बनाउन र सामाजिक न्यायसहितको आर्थिक रूपान्तरण गर्न हाम्रो स्थानीय सरकार पूर्ण रूपमा प्रतिबद्ध छ। गाउँपालिकाको आन्तरिक आयको आधार बलियो बनाउँदै, प्रविधिमैत्री सार्वजनिक सेवा र नागरिकको मौलिक अधिकारको सुनिश्चितता गर्नु नै यस बजेटको मूख्य उद्देश्य हो।

यसै गरिमामय सभा समक्ष आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम सफलतापूर्वक कार्यान्वयन गर्न विभिन्न विधा र क्षेत्रगत प्राथमिकताका आधारमा निम्न बमोजिम बजेट व्यवस्थापन गरेको छुः

७८. हाम्रो मौलिक परम्परागत सीपलाई कानुनी दायराभित्र ल्याई युवाहरूका लागि घरेलु उद्योग र रोजगारीका नयाँ अवसरहरू सिर्जना गर्न किस्पाङको लोकल रक्सी ब्रान्डिङ गर्ने र गुणस्तर प्रमाणीकरण गरी व्यावसायिक बजार व्यवस्थापन गर्न सङ्घीय र प्रदेश सहकार्य गरी कार्यान्वयन गर्न रु. ५ लाख रुपैयाँ बजेट विनियोजन गरेको छु।

७९. हाम्रो आफ्नै आन्तरिक स्रोतमा संचालित किस्पाङ बहुप्राविधि शिक्षालयलाई थप सुव्यवस्थित र नतिजामुखी बनाउन, स्वास्थ्य तर्फका अति आवश्यक विधा एच.ए. (HA) र फार्मेसी (Pharmacy) अध्ययनलाई गुणस्तरीय बनाउन प्रयोगशाला विकास गर्न 'किस्पाङ बहुप्राविधिक शिक्षालय व्यवस्थापन अनुदान' बापत रु. २० लाख रुपैयाँ र विद्यार्थीहरूको सहजताका लागि 'शिक्षालय बस खरिद' का लागि रु. २५ लाख बजेट विनियोजन गरेको छु।

८०. कृषि क्षेत्रको आधुनिकीकरण र किसानहरूको आयआर्जन वृद्धि गर्नका लागि 'किस्पाङ कृषि रूपान्तरण कार्यक्रम लागत साझेदारी' अन्तर्गत रु. २५ लाख बजेट व्यवस्थापन गरेको छु।।

८१. पालिकाको केन्द्र जोड्ने रणनीतिक पूर्वाधार विकास अन्तर्गत 'डावाचेत बजार देखि गाउँपालिका सम्म पक्की सडक निर्माण' कार्यका लागि रु. ३० लाख रुपैयाँ बजेट विनियोजन गरेको छु।

८२. मौलिक सीपलाई रोजगारीसँग जोड्न 'कृषि तथा पशु क्षेत्रमा साझेदारीमा भेडा प्रवर्द्धन कार्यक्रम' का लागि रु. २ लाख रुपैयाँ र व्यावसायिक पकेट क्षेत्र निर्धारण गरी 'किवी/कफी प्रोत्साहन कार्यक्रम' सञ्चालन गर्न रु. ५ लाख बजेट विनियोजन गरेको छु।

८३. दिगो कृषि प्रणाली अवलम्बन गर्न र रसायनिक मलको परनिर्भरता कम गर्न 'किस्पाङ जैविक मल कारखाना स्थापना लागत साझेदारी' का लागि रु. ३० लाख रुपैयाँ बजेट व्यवस्थापन गरेको छु।

८४. पालिकाभित्रका सडकहरूको नियमित मर्मत सम्भार र दिगोपनका लागि 'सडकबोर्ड लगानी साझेदारी' अन्तर्गत रु. ३ लाख रुपैयाँ बजेट व्यवस्थापन गरेको छु।

८५. किस्पाङको ऐतिहासिक धरोहर जीवन्त राख्न 'गाउँपालिका स्तरीय सङ्ग्रहालय निर्माण' का लागि रु. ५ लाख रुपैयाँ बजेट व्यवस्थापन गरेको छु। साथै प्राकृतिक स्रोत पहिचानका लागि खानी खोज र अनुसन्धान कार्य अगाडि बढाइनेछ।

८६. गाउँपालिकाको समग्र विकास र प्रगतिको दस्तावेजीकरणका लागि 'हाल सम्मको कार्यक्रम तथा प्रगतिको दस्तावेजीकरण र डकुमेन्ट्री निर्माण' का लागि रु. ५ लाख र ५ वटै वडा कार्यालयको प्रगतिको डकुमेन्ट्री निर्माणका लागि एकमुष्ट रु. ५ लाख बजेट विनियोजन गरेको छु ।

८७. गाउँपालिकाभित्रका सामाजिक कार्यहरू, विपद् व्यवस्थापन, जनचेतना अभियान, पर्यावरण संरक्षण तथा सामुदायिक पूर्वाधारका साना मर्मत सम्भार कार्यहरूमा स्थानीय युवाहरूको ऊर्जा र रचनात्मकतालाई एकाकार गर्न आगामी आर्थिक वर्षका लागि **"म बनाउँछु मेरो किस्पाङ कल्याणकारी स्वयंसेवक परिचालन"** कार्यक्रम संचालन गर्न **रु. ७ लाख** बजेट व्यवस्थापन गरेको छु।

यसरी अलग-अलग विधा र क्षेत्रगत रूपमा व्यवस्थापन गरिएको कुल बजेटको पारदर्शी र प्रभावकारी कार्यान्वयनबाट किस्पाङ गाउँपालिकाको आन्तरिक सुशासन मजबुत हुने, पूर्वाधार विकासले नयाँ गति लिने र "समुन्नत, सुशासित र समृद्ध किस्पाङ गाउँपालिका" को साझा लक्ष्य हासिल हुने विश्वास लिएको छु। किस्पाङ गौरवको योजनाको लागि २ करोड ५९ लाख बजेट विनियोजन गरेको छु ।

## सूचना, सञ्चार तथा प्रविधि कार्यक्रम

**आदरणीय अध्यक्षज्यू,**
**सभाका सदस्यहरू।**

बदलिँदो आधुनिक परिवेशसँगै स्थानीय सरकारको सेवा प्रवाहलाई पारदर्शी, प्रविधिमैत्री र झन्झटमुक्त बनाउनु तथा नागरिकहरूको जिउधनको सुरक्षाका लागि सार्वजनिक स्थलहरूलाई सुरक्षित राख्नु हाम्रो प्रमुख दायित्व हो। सार्वजनिक सेवामा नवप्रवर्तनको सुरुवात गर्दै प्रविधिको सुरक्षित प्रयोगमार्फत सुशासनको प्रत्याभूति गराउन आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रममा हामीले विशेष जोड दिएका छौं।

८८. गाउँपालिका र वडा कार्यालयहरूमा आउने सेवाग्राहीहरूले सेवा प्राप्त गर्ने प्रक्रिया, आवश्यक कागजात, लाग्ने दस्तुर र जिम्मेवार अधिकारीबारे कुनै अलमल बिना सजिलै जानकारी प्राप्त गर्न सकून् भनी अत्याधुनिक डिजिटल नागरिक वडापत्र खरिद तथा जडान गर्न आवश्यक बजेट व्यवस्थापन गरेको छु। यस प्रविधिले सेवा प्रवाहलाई कागजरहित, पारदर्शी र आधुनिक बनाउन ठूलो मद्दत पुऱ्याउनेछ।

८९. गाउँपालिकाभित्रका मुख्य बजार क्षेत्र, सरकारी कार्यालय परिसर, सुरक्षाका दृष्टिकोणले संवेदनशील क्षेत्रहरू र प्रमुख सार्वजनिक स्थलहरूमा शान्ति सुरक्षा चुस्त राख्न, सामाजिक अपराध नियन्त्रण गर्न तथा यातायात व्यवस्थापनको डिजिटल निगरानीका लागि स्थानीय सुरक्षा निकायसँगको समन्वयमा सार्वजनिक स्थानहरूमा CCTV क्यामेरा जडान गर्न आवश्यक बजेट व्यवस्थापन गरेको छु।

९०. डिजिटल प्रणाली र सफ्टवेयरहरू सञ्चालन भइरहँदा आइपर्न सक्ने प्राविधिक जोखिम न्यूनीकरण गर्न, डेटा सुरक्षित राख्न र प्रविधिको सही सदुपयोग सुनिश्चित गर्न गाउँपालिकाका जनप्रतिनिधि तथा राष्ट्रसेवक कर्मचारीहरूका लागि साइबर सुरक्षा तथा प्रविधि प्रयोग सम्बन्धी विशेष क्षमता विकास तालिम सञ्चालन गर्न बजेटको व्यवस्था मिलाएको छु।

९१. सार्वजनिक सेवालाई पूर्ण रूपमा पेपरलेस र पारदर्शी बनाउन 'सूचना प्रणाली तथा सफ्टवेयर सञ्चालन खर्च' को व्यवस्था गरेको छु। साथै, पालिकाका महत्वपूर्ण निर्णय, कानुनी कागजात र पुराना फाइलहरूको सुरक्षित भण्डारणका लागि 'अभिलेख व्यवस्थापन' कार्यक्रमलाई प्राथमिकताका साथ अगाडि बढाउन बजेट व्यवस्थापन गरेको छु।

सूचना तथा संचार प्रविधि अन्तर्गत रु १७ लाख ५० हजार बजेट विनियोजन गरेको छु ।

## योजना कार्यान्वयन, सुशासन र सार्वजनिक सेवा प्रवाह कार्यक्रम

**आदरणीय अध्यक्षज्यू,**

सभाका सदस्यहरू।

९२. किस्पाङ गाउँपालिकाको सर्वाङ्गिण विकासका लागि प्रशासनिक सुशासन, पारदर्शी योजना प्रणाली, युवा स्वरोजगार र दिगो भौतिक पूर्वाधारको निर्माण एकापसमा अन्तरसम्बन्धित छन्। नागरिकहरूलाई घरदैलोमै आधुनिक सेवा प्रवाहको प्रत्याभूति गराउन र उद्यमशीलता मार्फत आर्थिक रूपान्तरणको ठोस जग बसाल्न हाम्रो स्थानीय सरकार दृढ सङ्कल्पित छ।

९३. विकास निर्माणका कार्यहरू पारदर्शी र गुणस्तरीय बनाउन उपभोक्ता समितिका पदाधिकारीहरूका लागि क्षमता विकास कार्यक्रम र टोल विकास संस्थाहरूलाई सञ्चालन अनुदान उपलब्ध गराउँदै टोल विकास संस्थामार्फत नमुना आयोजनाहरू कार्यान्वयन गराउन बजेट व्यवस्थापन गरेको छु।

९४. वैज्ञानिक विकासको आधार तय गर्न वैज्ञानिक तथ्याङ्कसहितको 'गाउँपालिका डिजिटल प्रोफाइल' निर्माण गर्न बजेट व्यवस्थापन गरेको छु। साथै योजनाहरूको कार्यप्रगति अनलाइनमै हेर्न मिल्ने गरी 'Project Tracking & Digital सूचना पाटी' जडान गर्न र पालिका परिसरमा विवरण झल्किने 'योजना ग्यालरी' निर्माण गर्न बजेट छुट्याएको छु।

९५. सरकारी सेवा लिन पालिका केन्द्रसम्म धाउनुपर्ने बाध्यताको अन्त्य गर्दै दुर्गम बस्तीमै पुगेर नागरिकता, स्वास्थ्य, जेष्ठ नागरिक परिचयपत्र लगायतका सेवा दिन 'एकीकृत घुम्ती सेवा शिविर' सञ्चालन गर्न र नागरिकका गुनासा तत्काल सम्बोधन गर्न प्रविधिमैत्री 'गुनासो व्यवस्थापन तथा हेल्लो किस्पाङ' सञ्चालनका लागि बजेट व्यवस्थापन गरेको छु।

## युवा, रोजगार तथा सीप विकास

**आदरणीय अध्यक्षज्यू,**

**सभाका सदस्यहरू।**

९६. वैदेशिक रोजगारबाट फर्केका युवाहरूको सीप र क्षमताको सही सदुपयोग गर्न तथ्याङ्क सङ्कलन, 'सामी' कार्यक्रम अन्तर्गत रिटर्नी स्वयंसेवकको व्यवस्था मिलाउन र सम्भावित रोजगारीका क्षेत्रहरूको अध्ययन अनुसन्धान गरी विकास (R&D) गर्न बजेट व्यवस्थापन गरेको छु।

९७. युवाहरूलाई बजार सुहाउँदो सीप प्रदान गर्न सीप विकास कार्यक्रम, नयाँ सोच र प्रविधिसहित व्यवसाय गर्न चाहने युवाहरूलाई प्राविधिक तथा पूँजी सहयोग उपलब्ध गराउन 'स्टार्ट अप प्रवर्द्धन कार्यक्रम' र वैदेशिक रोजगारबाट फर्किएका व्यक्तिलाई उद्यमी प्रवर्द्धनका लागि 'सहुलियतपूर्ण कर्जा ब्याज अनुदान' को उचित व्यवस्था मिलाएको छु। साथै सङ्घीय सरकारसँग शतप्रतिशत लागत साझेदारीमा '१०० दिनको न्यूनतम रोजगारी प्रत्याभूति' कार्यक्रम प्रभावकारी रूपमा कार्यान्वयन गर्न बजेट सुनिश्चित गरेको छु।

रोजगार सेवा केन्द्रबाट सञ्चालन हुने कार्यक्रमको लागि २६ लाख ४९ हजार बजेट विनियोजन गरेको छ ।

**भौतिक पूर्वाधारः भवन,सडक,खानेपानी तथा सिँचाइ नीति**

**आदरणीय अध्यक्षज्यू,**
**सभाका सदस्यहरू।**

९८. किस्पाङ गाउँपालिकाको सन्तुलित विकास, आर्थिक समृद्धि र नागरिकहरूको जीवनस्तरमा गुणात्मक सुधार ल्याउन दिगो र गुणस्तरीय भौतिक पूर्वाधारको जग बसाल्नु आजको मुख्य आवश्यकता हो। ग्रामीण अर्थतन्त्रलाई चलायमान बनाउन सडक सञ्जालको सुदृढीकरण, प्रत्येक घरधुरीमा स्वच्छ खानेपानीको पहुँच र कृषि क्षेत्रको उत्पादकत्व बढाउन दिगो सिँचाइ सुविधा पुऱ्याउन हाम्रो स्थानीय सरकार पूर्ण प्रतिबद्धताका साथ लागिपरेको छ।

९९. नागरिकहरूको सामाजिक र सांस्कृतिक गतिविधिहरू व्यवस्थित गर्न 'मानेगाउँ बहुउद्देश्यीय सामुदायिक भवन निर्माण' को कार्यलाई तीव्रताका साथ अगाडि बढाउनुका साथै अन्य अधुरा भवन निर्माण र पुराना भवन मर्मतका लागि बजेट व्यवस्थापन गरेको छ।

१००. ग्रामीण सडक सञ्जालको सुदृढीकरणका लागि रणनीतिक पूर्वाधार अन्तर्गत वडा नं. ५ को चाम्पानी घुम्ती-घलेगाउँ-कोके गाउँ-कार्की गाउँ सडक निर्माण र वडा नं. २ को कर्कले-लामाछाप-सातदोबाटे-सल्ले-बागखोर सडक स्तरोन्नति कार्यका लागि रु ४ करोड बजेट विनियोजन गरेको छ।

१०१. नयाँ सडक ट्र्याक खोल्ने कार्यलाई निरुत्साहित गर्दै हाल सञ्चालनमा रहेका सडकहरूको स्तरोन्नति गर्न, ग्रामीण सडकमा अनिवार्य नाली र पर्खाल बनाई हरित सडक प्रविधि अवलम्बन गर्न र प्राकृतिक प्रकोपका कारण अवरुद्ध सडक तत्काल खुलाउन 'द्रुत प्रतिकार्य' प्रणाली लागू गर्न बजेट सुनिश्चित गरेको छु। साथै दुर्गम बस्ती र विद्यालय जाने बाटोहरूमा गोरेटो तथा पदमार्ग निर्माण गर्न बजेट व्यवस्थापन गरेको छु।

१०२. खानेपानीको पहुँच नपुगेका दलित, विपन्न तथा सीमान्तकृत बस्तीहरूमा "एक घर, एक धारा" को अवधारणा बमोजिम योजनाहरू सञ्चालन गर्न र प्रदेश विशेष योजना अन्तर्गत हाङ्ग क्वाङ सोङ खोला खानेपानी योजनाको निर्माण तथा विस्तार कार्यलाई उच्च प्राथमिकताका साथ कार्यान्वयन गर्न ७० लाख बजेट को प्रवन्ध गरेको छु। साथै "स्वच्छ खानेपानी, निरोगी नागरिक" अभियान अन्तर्गत खानेपानी गुणस्तर सर्वेक्षण तथा परीक्षण कार्यलाई तीव्रता दिइनेछ।

१०३. गाउँपालिकालाई कृषिमा आत्मनिर्भर बनाउन परम्परागत कुलोहरूको जीर्णोद्धार र साना तथा मझौला सिँचाइ आयोजनाहरू सञ्चालन गर्न तथा उत्पादनशील पकेट क्षेत्रहरूमा किसानको

मागका आधारमा साना सिँचाइ कार्यक्रम तत्काल कार्यान्वयन गर्न बजेटको उचित व्यवस्थापन गरेको छु।

१०४. स्थानीय तहको दिगो आर्थिक विकास, नागरिकको जीवनस्तरमा सुधार र समृद्धिको प्रमुख आधार नै सबल र गुणस्तरीय भौतिक पूर्वाधार हो। यसै तथ्यलाई मध्यनजर गर्दै आगामी आर्थिक वर्षको बजेटमा पूर्वाधार विकास क्षेत्रलाई विशेष प्राथमिकतामा राखी पालिका र वडा स्तरका रणनीतिक योजनाहरूका लागि पर्याप्त स्रोत सुनिश्चित गरेको छु।

१०५. सन्तुलित क्षेत्रीय विकास र नागरिकको घरदैलोमै पूर्वाधारको लाभ पुऱ्याउन वडा स्तरका योजनाहरूलाई सुदृढ बनाउनु अपरिहार्य छ। आम नागरिकको दैनिक जीवनसँग प्रत्यक्ष जोडिने **गोरेटो बाटो** निर्माण, **गाउँघरका शाखा सडकहरूको मर्मत सम्भार, साना सिँचाइ कुलो, खानेपानीका मर्मत तथा संरक्षण योजना र स्थानीय सार्वजनिक भवन (सामुदायिक भवन/वडा कार्यालय)** जस्ता जनताका आधारभूत आवश्यकता पूरा गर्न **रु. ४ करोड ६५ लाख** बजेट प्रस्ताव गरेको छु।यसरी व्यवस्थापन गरिएको बजेटको वस्तुपरक, पारदर्शी र पूर्ण कार्यान्वयनबाट किस्पाङ गाउँपालिकाको आन्तरिक सुशासन सुदृढ हुनेछ, गौरवका योजनाहरूले गति लिनेछन्, नागरिकहरूले घरदैलोमै आधुनिक सेवा पाउनेछन् र "सुशासित, समृद्ध र आत्मनिर्भर किस्पाङ गाउँपालिका" को साझा लक्ष्य हासिल हुने विश्वास लिएको छु।

**आदरणीय सभाका अध्यक्षज्यू-,**

**सभाका सदस्यज्यू हरु**

अब म किस्पाङ गाउँपालिकाको आगामी आ.व. २०८३/८४ को नीति तथा कार्यक्रम कार्यान्वयनका लागि आवश्यक पर्ने कुल बजेट विनियोजन र आम्दानीका स्रोत अनुमानको संक्षिप्त विवरण प्रस्तुत गर्न चाहन्छु ।

**अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट**

- नेपाल सरकारबाट समानीकरण तर्फ रु. ७४८०००००।- (अक्षेरुपी सात करोड अठचालिस लाख रुपैया मात्र)
- नेपाल सरकार बाट सशर्त तर्फ रु. १४,५१,५२,०००।- (अक्षेरुपी चौध करोड एकाउन्न लाख बाउन्न हजार रुपैया मात्र)
- नेपाल सरकार समपुरक अनुदान तर्फ रु. ३०,००,००० ।- (अक्षेरुपी तिस लाख रुपैया मात्र)
- नेपाल सरकार राजश्व बाँडफाड तर्फ रु. ७, २०, ९९, ००० ।- ( सात करोड विस लाख उनान्सय हजार रुपैयाँ मात्र)
- संघिय सरकार विशेष अनुदान तर्फ रु. ४५, ००, ०००।(अक्षेरुपि पैचालिस लाख रुपैया मात्र)
- बागमती प्रदेश सरकार समानीकरण तर्फ रु. ६०, २७, ०००।- (अक्षेरुपी साठी लाख सत्ताइस हजार रुपैया मात्र)

- बागमती प्रदेश सरकार बाढ सशर्त तर्फ रु. ९२,०३,०००।- (अक्षेरुपी बयानब्बे लाख तिन हजार रुपैया मात्र)
- बागमती प्रदेश सरकार विशेष अनुदान तर्फ रु. ७०,००,००० ।- (अक्षेरुपी सत्तरी लाख रुपैया मात्र)
  - बागमती प्रदेश सरकार समपुरक अनुदान तर्फ रु. २,००,००,०००।(अक्षेरुपी दुइ करोड रुपैया मात्र)
  - बागमती प्रदेश सरकार राजश्व बाँडफाड तर्फ रु.२,५५,२७,७०० ।- (अक्षेरुपी दुई करोड पचपन्न लाख सत्ताइस हजार सात सय रुपैया मात्र)
  - गाउँपालिकाको आन्तरिक राजश्वबाट रु १,१०,००,०००।- (अक्षेरुपी एक करोड दश लाख रुपैया मात्र)
  - उल्लेखित स्रोतहरुबाट अपुग हुने रु. ५,७५,२४,३००।-(अक्षेरुपी ५ करोड ७५ लाख २४ हजार ३ सय रुपैया मात्र चालु आ.व. को असार मसान्तसम्म खर्च भई बाँकी रहने नगद मौज्दातबाट पूर्ति हुने अनुमान गरेको छु ।

आ.व. २०८३/८४ को लागि सम्पुर्ण अनुमानीत आय अनुसार चालु तर्फ रु २९ करोड ८१ लाख ८६ हजार र पूजींगत तर्फ १४ करोड १ लाख ४७ हजार गरी कुल जम्मा रु ४३ करोड ८३ लाख ३३ हजार ३ सय रुपैया बजेट विनियोजन गरेको छु । विस्तृत विवरणहरु अनुसूचीहरुमा समावेश गरेको छु ।

**आदरणीय गाउँ सभा अध्यक्ष ज्यू,**

**सभाका सदस्य ज्यू हरु**

आर्थिकवर्ष २०८३/८४ को बजेटले वार्षिक नीति तथा कार्यक्रमको कार्यान्वयन गर्न प्रभावकारी हुने बिश्वास गरेको छु । यस बजेटले गाउँबासी जनसमुदाय, विकास साँझेदार, निजि क्षेत्र, सहकारी र समुदायमा आधारित संस्थाहरुको अपेक्षा पूरा गर्ने बिश्वास लिएको छु । बजेटको प्रभावकारी कार्यान्वयनको लागि सहयोग गर्न सम्पूर्ण गाउँबासी र सरोकारवालाहरुमा हार्दिक अनुरोध गर्दछु ।

**अन्तमा**

किस्पाङ बासीको सम्मृद्धि र सुखको मुख्य दस्तावेज आर्थिक वर्ष २०८३/८४ को वार्षिक बजेट तर्जुमाका क्रममा आफ्नो पदिय भूमिकामा रहि कार्य गर्नुहुने सम्पूर्ण विषयगत समितिका पदाधिकारी, किस्पाङ गाउँपालिकाका कर्मचारीहरू साथै यस नीति तथा कार्यक्रमलाई जनमूखी बनाउन आफ्नो अमूल्य सुझाव प्रदान गर्नुहुने नि-वर्तमान जनप्रतिनिधि, राजनितिक दल, टोल विकास संस्था, विभिन्न समितिहरु, क्लव, संस्था, समूह, निजी क्षेत्र, सहकारी क्षेत्र, गैर सरकारी संस्थाका प्रतिनिधि र विभिन्न अधिकारवादी संघ संस्थाका प्रतिनिधका साथै सम्पुर्ण किस्पाङ वासी आमा, बुवा, दाजुभाई तथा दिदी बहिनीहरूलाई हार्दिक धन्यवाद व्यक्त गर्दछु।

धन्यवाद !